# बेसीशहर नगरपालिकाको गणक आवश्यकता सम्बन्धी जरुरी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७५/११/८*

बेसीशहर नगरपालिकाले नगर बस्तुगत विवरण निर्माणको लागि ११ वटै वडाहरुमा मोवाइल एपबाट घरधुरी सर्वेक्षण कार्य गर्न लागेको हुँदा उक्त कार्यको लागि निम्नानुसार योग्यता पुगेका व्यक्तिहरुबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १० (दश) दिनभित्र आवेदन आह्वान गरिन्छ ।

**आवेदन दिने स्थान:** बेसीशहर नगरकार्यपालिकाको कार्यालय, बेसीशहर ।

**पेश गर्नुपर्ने कागजातहरु:** शैक्षिक योग्यता र नागरिकताको प्रतिलिपी अनिवार्य । निवेदनमा १ प्रति पासपोर्ट साइजको फोटो समेत टाँस गर्नु पर्नेछ र सम्पर्क नम्बर उल्लेख गर्नु पर्नेछ ।

**आवश्यक संख्या:** २० (बीस) जना ।

**विवरण लिने स्थान:** ११ वटै वडाका घरधुरीहरुमा ।

**छनौटको किसिम:** लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा ।

**सम्पर्क मिति तथा परीक्षा मिति:** फोन र मेसेजबाट जानकारी गराइनेछ ।

**आवेदन पेश गर्ने अन्तिम मिति:** २०७५ फागुन १७ गते कार्यालय समय भित्र ।

**कार्य गर्नु पर्ने समय:** १ महिना १५ दिन

**पारिश्रमिक तथा सुविधा:** नगरपालिकाले तोके अनुसार

**आवश्यक योग्यता तथा छनौटका मापदण्ड**

१. कम्तिमा बाह्र कक्षा उतीर्ण भएको ।

२. अठार वर्ष पुरा भै चालीस वर्ष ननाघेको ।

३. अनिवार्य रुपमा कम्प्युटर/मोवाइल/ट्याब राम्रोसंग चलाउन सक्ने

४. तथ्यांक संकलन कार्य वा सामाजिक परिचालन कार्य वा स्थानीय परिवेशसंग जानकार भएको ।

५. गणित तथा तथ्यांकमा राम्रो ज्ञान भएको ।

६. लमजुङ जिल्लामा स्थायी बसोबास गरेको (बेसीशहर नगरपालिका क्षेत्रमा बसोबास गरेकोलाई प्राथमिकता दिइने । )

७. फिल्डमा खट्न सक्ने, आफ्नो जिम्मेवारी बहन गर्न सक्ने, असल आचरण भएको ।

८. तथ्यांक संकलन सम्बन्धी अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिइने ।

९. नगरपालिका, वडा कार्यालय, स्थानीय जानिफकार व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, समाजसेवीसंग आवश्यक समन्वय र सहकार्य गर्न सक्ने ।

## बेसीशहर नगरपालिका, लमजुङ